## बेलौरी नगरकार्यपालिकाको मिति २०८२।०६।३१ गते बसेको बैठकका निर्णयहरु

निर्णय नं. १) प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बेलौरी नगरपालिका सँग सम्झौता भई सञ्चालनमा रहेका तपसिल बमोजिमका ठेक्काहरुको म्याद सकिसकेकोले देहायको मिति सम्म अन्तिम पटकका लागि म्याद थप गर्ने साथै तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न नगरेमा सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए बमोजिम कारवाही गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स | योजना को नाम | ठेक्का न. | सुरूको सम्झौता मिति | सुरूको सम्पन्न गर्नुपर्ने मिति | म्याद थप पछिको सम्पन्न गर्नुपर्ने मिति | म्याद थप गर्नुपर्ने अवधि | कै |
|---|---|---|---|---|---|---|---|
| १ | ***Construction of BlackTop Road Calcutta Graveyard to Mahakhali Sugar Mill Belauri-10*** | ***BELMUN/ NCB/W/080/081-17*** | ***6-Ashoj-2081*** | ***6-Karthik 2082*** | | 2082 Poush मसान्त सम्म | |
| २ | ***Construction of Black top road from Kranti Chowk to Belauri Kaluwapur Connecting road*** | ***BELMUN/ NCB/W/80/ 81-14*** | ***1-Shrawan 2081*** | ***21-Falgun2081*** | ***2082 Ashad End*** | 2082 Poush मसान्त सम्म | |
| ३ | ***Construction of Black top Road at different Section in Ward No.7 From Province Supplement Fund Contract Identification*** | ***BELMUN/ NCB/R/081 /082-01*** | ***13-Karthik 2081*** | ***15- Ashad 2082*** | | 2082 Poush मसान्त सम्म | |
| ४ | ***Construction of Black top Road from Baraiya-Pachui Rana Tole to Calcutta Hulakhi Connecting Road*** | ***BELMUN/ NCB/R/081 /082-02*** | ***25-Karthik 2081*** | ***15- Ashad 2082*** | | 2082 Karthik मसान्त सम्म | |
| ५ | ***Construction Shiva Temple Ward No.1 Fatiya*** | ***BELMUN/ NCB/T/081 /082-07*** | ***Shrawan - 07 2082*** | ***Ashoj-01 - 2082*** | | 2082 Mangsir मसान्त सम्म | |
| ६ | ***Construction of Swimming Pool at Belauri Municipality -05.*** | ***BELMUN/ NCB/S/081 /082-06*** | ***24-Chaitra 2081*** | ***15-Ashad 2082*** | | 2082 Poush मसान्त सम्म | |
| ७ | ***Road Maintenance works at ward no.2-4-6-10 Belauri Municipality*** | ***BELMUN/ NCB/R/081 /082-04*** | ***21- Chaitra 2081*** | ***31-Jestha 2082*** | | 2082 Poush मसान्त सम्म | |
| ८ | ***Construction of black top road from Amrit Distillery to Sugarmill road (Chainage 0+000 to 0+750)*** | ***BELMUN/ NCB/R/081 /082-03*** | ***26-Falgun 2081*** | ***15-Ashad 2082*** | | 2082 Poush मसान्त सम्म | |
| ९ | ***Construction of 3 Storey Agri-Depart Building Belauri Municipality*** | ***BELMUN/ NCB/W/80/ 81-06*** | ***4-Magh 2080*** | ***25-Ashad 2082*** | | 2082 Poush मसान्त सम्म | |
| १० | ***Construction of Black top road from Sundar Chau Home to Old Ward office*** | ***BELMUN/ NCB/W/80/ 81-15*** | ***1-Shrawan 2081*** | ***21-Falgun 2081*** | ***2082 Ashad End*** | 2082 Poush मसान्त सम्म | |
| ११ | ***Construction of Black Top Road From Mahangulal Chaudhary Home-Udhyapur-Sitanagar-Maholiya ward no.5 in Belauri Municipality*** | ***BELMUN/ NCB/W/080/081-09*** | ***16-Baisakh 2081*** | ***30-Karthik 2082*** | | 2083 Baisakh 31 सम्म | |

निर्णय नं. २) प्रस्ताव नं. २ माथि छलफल गर्दा बेलौरी नगरपालिका कार्यालय र **C.M-Prasansa-Rashmi-JV** विच सम्झौता भई सञ्चालनमा रहेको १५ सैय्याको अस्पतालको (**Construction of 15-Bed Hospital Belauri Kanchanpur**) (ठेक्का नं. **BELMUN/NCB/W/079/-80-08**) निर्माण कार्य तोकिएको समयावधी भित्र सम्पन्न नभएको र पटक-पटक पत्राचार गर्दा सम्झौता बमोजिमको कार्य प्रगति नभएकोले यस कार्यालयको नाममा सिटिजन ईन्टरनेशन बैकंद्धारा जारी भएको Advance Payment ग्यारेन्टी बराबरको जमानत रकम सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम ६ बमोजिम सम्बन्धित बैकंबाट प्राप्त गरी सो पेश्की रकमको सयकडा १० को दरले व्याज समेत असुलउपर गर्ने निर्णय गरियो ।

निर्णय नं.३) प्रस्ताव नं. ३ मा छलफल गर्दा आ.ब. २०८२/०८३ को बजेटमा बेलौरी न.पा. वडा नं. ८ लगायत कार्यक्रम प्रविष्टि हुन छुट भएका योजना सम्बन्धमा यस बेलौरी नगरकार्यपालिकाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४) सुदुरपश्चिम प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ को दफा ९ बमोजिम तह मिलान र तह वृद्धि हुन छुट भएको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट तह मिलान /तह वृद्धि गर्न आदेश भएको हुँदा यस नगरपालिकामा कार्यरत श्री कुलोमणी भट्ट लाई देहायको तहमा मिलान/तह वृद्धि गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम,थर | क.सं.नं. | सेवा/समूह | हालको पद/तह | हालको पदमा नियुक्ति मिति | मिलानको सेवा/समूह | मिलानको पद/तह |
|---|---|---|---|---|---|---|---|
| १) | कुलोमणी भट्ट | १५८९४० | कृषी/लापोडेडे | अधिकृत छैटौं | २०७६/०३/१० | कृषी/लापोडेडे | अधिकृत सातौं |

निर्णय नं. ५) प्रस्ताव नं. ५ मा छलफल गर्दा, बेलौरी न.पा. को वार्षिक बजेट अन्तर्गत विनियोजित इन्धन नगरपालिकाको आफ्नै स्वामित्वमा रहेको सवारी साधन र उपकरण संचालनका लागि आफ्नै प्रयोजनका लागि मात्र प्रयोग गरिने र अन्य कार्यालय, संस्था वा निकायहरुलाई उपलब्ध नगराईने निर्णय गरियो ।

निर्णय नं. ६) प्रस्ताव नं. ६ मा छलफल गर्दा बेलौरी न.पा. अन्तर्गत सबै वडामा रहेका मतदान स्थल तथा मतदान केन्द्रलाई यथावत राख्ने निर्णय गरियो ।

निर्णय नं.७) प्रस्ताव नं. ७ मा छलफल गर्दा एकल महिला, मुक्त कमैया/कमलरी, सिमान्तकृत समुदाय, अपाङ्ग तथा विपन्न लक्षित आय आर्जनमूलक कार्यक्रम संचालनका बेलौरी न.पा. वडा नं. ३ लाई छनौट गरी सोही वडा बाट बिगत वर्षहरुमा अनुदान नपाएका समावेशी प्रतिनिधित्व हुने गरी २० जना कृषक छनौट गर्ने निर्णय गरियो।